# सार्वजनिक खरिद अनुगमन कार्यालयको
# वार्षिक प्रतिवेदन, २०७१ प्रस्तुती सम्बन्धी सूचना

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ (१)(ङ) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले वर्षभरी आफूले सम्पादन गरेका कार्यहरु, अनुगमन विवरण, राय परामर्श लगायतका समस्या र सुझाव सहित समेटी नेपाल सरकार समक्ष वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु पर्ने कानूनी व्यवस्था छ ।

यसै सन्दर्भमा मिति २०७१/०९/२५ गते शुक्रवार यस कार्यालयका का.मु. सचिव श्री टंकमणि शर्माज्यूले सम्ममाननीय प्रधानमन्त्री श्री सुशील कोइरालाज्यू समक्ष पाँचौ वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै का.मु. सचिवज्यूले कार्यालयको काम, कर्तव्य र अधिकारहरु र भए गरेका कार्यहरु, विद्युतीय खरिदको संचालन र व्यवस्थापनका साथै समस्याको रुपमा रहेका सार्वजनिक निकायको खरिद सम्बन्धी कमजोर क्षमता, जिम्मेवारी र जवाफदेहिता वहन नगर्ने प्रवृत्ती, सार्वजनिक खरिदको क्षेत्रमा उच्च नेतृत्वको उदासिनता र नीजीक्षेत्रको कमजोर व्यवस्थापन र व्यवसायिक नैतिकता तथा सार्वजनिक निकायहरुको कमजोर संगठनात्मक क्षमता लगायत दक्ष जनशक्तिको कमजोर व्यवस्थापन जस्ता कुराहरु अवगत गराउनु हुनका साथै यस्ता समस्या समाधानकोलागि राजनैतिक प्रतिवद्धता, सुशासन, विकास निर्माणमा जोखिम न्यूनिकरण, खरिद कार्यवाहीको समूचित व्यवस्थापन, आचरणको पालना नगर्ने उपर कार्यवाही, सार्वजनिक खरिद ऐन, नियमको परिमार्जन जस्ता पक्षहरुमा सम्बोधन हुन सकेमा सार्वजनिक खरिदमा रहेका विधमान समस्या तथा चुनौतिहरुमा कमि आउने कुरामा सम्मानननीय प्रधानमन्त्रीज्यू लाई अवगत गराउनु भयो ।

सोही अवसरमा वार्षिक प्रतिवेदन ग्रहण गर्नुहुंदै सम्मानननीय प्रधानमन्त्रीज्यूले सरकारको लक्ष्य भनेको सुशासन रहेको र यसको लागि भ्रस्टाचार नियन्त्रण हुनुपर्ने, कानून भए पनि व्यवहारमा देखिने गरी कार्यान्वयनमा आउनुपर्ने, अनुगमन प्रकृया फितलो भएकोले यसलाई दह्रो किसिमले लागु गर्नु पर्ने, ठेक्का पट्टामा देखिएको मिलोमतो र ढिलासुस्ती लाई अविलम्व नियन्त्रण गर्ने व्यवस्था गर्न, ठेक्का पट्टाको मूल्याङ्कन पद्धतिलाई भरपर्दो र विश्वसनिय बनाउने र सार्वजनिक खरिदको क्षेत्रलाई पारदर्शि र मितव्ययी, बनाउदै लैजान आवश्यक पर्ने कानून निर्माण तथा सुधारको लागि अविलम्व कृयाशिल रहन निर्देशन दिदै प्रस्तुत हुन आएको वार्षिक प्रतिवेदन अविलम्व कार्यान्वयनको लागि नेपाल सरकारका मुख्य सचिवज्यूलाई हस्तान्तरण गर्नुभयो ।

सदाझै यस वर्ष प्रस्तुत गरिएको वार्षिक प्रतिवेदनमा समेटिएका विषयहरुले खरिदको क्षेत्रमा कृयाशिल व्यक्ति तथा संस्थाहरुलाई खरिदको क्षेत्रमा अपनाउनुपर्ने कार्यविधि, प्रणाली र प्रकृयाका साथै द्विविधा निवारणमा सहयोग पुर्‍याउने अपेक्षा राखेका छौं । आ.व. २०७१ सालको यस कार्यालयले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन यस कार्यालयको Website : www.ppmo.gov.np मा राखि सकिएको छ ।

सार्वजनिक खरिद अनुगमन कार्यालयको वार्षिक प्रतिवेदन, २०७१ प्रस्तुतीको झलकहरु









